# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं श्रावण ८ गते २०१५ साल [अतिरिक्ताङ्क १०


## निर्वाचन कमिशन (आयोग) नेपाल

### सूचना नं. १

आगामी, आमनिर्वाचन सम्बन्धी कामको निमित्त जोनल निर्वाचन अफिसर नामावली रजिष्ट्रेशन अफिसर, नामावली दोहऱ्याउने अफिसर रिटर्निङ अफिसरहरुको अन्तर्गत रही कामगर्न गराउन नेपालराज्य भरमुलुकको निर्वाचन क्षेत्र १०९ मा प्रत्येक क्षेत्रमा १ जवानका दरले खरदार दर्जाको निर्वाचन अफिसर जवान १०९ नियुक्त गरिएकोले यो कुरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

## निर्वाचन कमिशन (आयोग) नेपाल

### सूचनानं. २

आगामी आमनिर्वाचनको निमित्त तयार गरिएको मतदाताको नामावलीमा थपघट गर्न गराउन मौका दिनकोलागि ज.प्र. नियमावली भाग १ को नियम ७ बमोजिम निम्नलिखित जिल्लाहरुमा निम्नलिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मितिदेखि निम्नलिखित मितिसम्म ३० दिनकोलागि मतदाताको नामावलीको पहिलो प्रकाशन हुनेभएको हुंदा सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ। यो तोकिएको ३० दिनको अवधिभित्र नै जनप्रतिनिधित्व नियमावलीको भाग १ बमोजिम सम्बन्धित व्यक्तिहरुले आफ्नू दाबीपत्र र विरोधपत्र पेश गर्नु पर्दछ। म्याद नाघी पेश भएको दावीपत्र र विरोधपत्रउपर कुनै कारवाई हुनेछैन।

## श्रावण १५ गतेदेखि भाद्र १२ सम्म

(१) उपत्यका (२) चिसापानी (३) पश्चिम १ नं. (४) पूर्व १ नं (५) बारा, पर्सा, रौतहट (६) बिराटनगर, झापा (७) सप्तरी सीराहा (८) महोत्तरी, सर्लाही,

## श्रावण २२ गतेदेखि भाद्र १९ सम्म

(१) धनकुटा, इलाम (२) पाल्पा (३) खजहना शिवराज, (४) पाल्ही माझखण्ड (५) दाङ राज्य फलावाङ (दाङ उत्तर पश्चिम) (६) बांके बर्दिया (७) कैलाली कञ्चनपुर (८) पश्चिम २ नं.

## श्रावण २९ गतेदेखि भाद्र २६ सम्म

(१) पूर्व २ नं. (२) पूर्व ३ नं. (३) पूर्व ४ नं. (४) उदयपुर (५) डडेलधुरा (६) बैतडी (७) डोटी (८) जुम्ला (९) दैलेख (१०) सल्यान (११) गुल्मी (१२) वांग्लुङ (१३) प्यूठाना (१४) पश्चिम ४ नं. (१५) पश्चिम ३ नं.

## निर्वाचन कमिशन (आयोग) नेपाल

## सूचना नं. ३

आगामी आम निर्वाचनको निमित्त तयार भएको मतदाताको नामावली पहिले प्रकाशन गरी गराई पर्न आएको दाबी र विरोधपत्रबमोजिम थपघट गर्नु पर्ने गरी मतदाताको नामावली तयार पार्न निम्नलिखित जिल्ला क्षेत्र नं. का निमित्त निम्नलिखित जिल्ला निर्वाचन अफिसरका निम्नलिखित जोनल निर्वाचन अफिसर तथा असिस्टेण्ट जोनल निर्वाचन अफिसरलाई जनप्रतिनिधित्व ऐनको दफा ६ बमोजिम नामावली रजिष्ट्रेशन अफिसरको काम गर्न खटाइएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जिल्लाको नाम | क्षेत्र नं. | जिल्ला जोनल अफिसरको नाम |
|---|---|---|
| १. पूर्व १ नं. | ६,७,८,९,१० | श्रीनाथ पाण्डे, |
| २. पूर्व २ नं. | ११,१२,१३,१४,१५, | लक्ष्मीदास रञ्जितकार, |
| ३. पूर्व ३ नं. | १६,१७,१८, | क. प. हिक्मतबहादुर |
| ४. पूर्व ४ नं. | १९,२०,२१, | भैरवनाथ उपाध्याय, |
| ५. उदयपुर | ३४ | पद्मबहादुर राजभण्डारी (अ. जो. अफिसर) |
| ६. धनकुटा | २२,२३,२४,२५,२६,२७ | युवराजपन्थी |
| ७. इलाम | २८,२९ | दिल्लिपसिंह हमाल (अ.जो.अ.) |
| ८. उपत्यका | १,२,३,४,५ | रामनिधि तिवारी |
| ९. चिसापानी | ५५,५६, | कनकबहादुर जोशी (अ.जो.अ.) |
| १०. बारा पर्सा, रौतहट | ४८,४९,५०,५१,५२,५३,५४ | बद्रीनाथ आचार्य |
| ११. महोत्तरी, सर्लाही | ४१,४२,४३,४४,४५,४६,४७ | लक्ष्मणप्रसाद उपाध्याय |
| १२. सप्तरी, सीराहा | ३५,३६,३७,३८,३९,४० | भुवनेश्वर शर्मा |
| १३. मोरङ | ३१,३२,३३ | नारायणकृष्ण जोशी |
| १४. झापा | ३० | रत्नलाल श्रेष्ठ (अ.जो.अ.) |
| १५. पश्चिम १ नं. | १०६,१०७,१०८,१०९ | जीवराज नेपाल |
| १६. पश्चिम २ नं. | १०४,१०५ | बलराम शर्मा |
| पोखरा दक्षिण पूर्व | १०३ | |
| १७. पश्चिम ३ नं. | ९९,१००,१०१,१०२ | ब्रजमोहन जोशी |
| १८. पश्चिम ४ नं. | ९५,९६,९७,९८ | दामोदरलाल राजभण्डारी |
| १९. पाल्पा | ९३,९४ | रामचन्द्र शर्मा |
| पाल्ही पूर्व | ५७ | |
| २०. बागलुङ | ८६,८७,८८ | शेषकान्त |
| २१. गुल्मी | ८९,९०,९१,९२ | हरिनाथ शर्मा |
| २२. जुम्ला | ७३,७४ | छविन्द्रबहादुर |
| २३. दैलेख | ७५,७६,७७ | मणिभद्र शर्मा |
| २४. डोटी | ६९,७०,७१,७२ | बासुदेव ढकाल |
| २५. प्यूठान | ८३,८४ ८५ | रामनाथ |
| २६. डडेलधुरा बैतडी | ६६,६७,६८ | शुलपाणी उपाध्याय |
| २७. सल्याना | ७८,७९,८१,८२ | वामदेव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २८. दाङदेउखुरी | ६२ | शुशील झा |
| फलवाङ राज्य दाङ उ-प. | ८० | |
| २९. पाल्ही माझखण्ड | ५८,५९ | चिरञ्जीबीप्रसाद |
| खजहनी शिवराज | ६०,६१ | |
| ३०. बांके बर्दिया | ६३,६४ | पुरुषोत्तम घिमिरे |
| ३१ कैलाली कञ्चनपुर | ६५ | रामबहादुर पाण्डे (अ.जो. अफिसर ) |

# निर्वाचन कमिशन (आयोग) नेपाल

## सूचना नं. ४

आगामी आमनिर्वाचनको निमित्त मतदाताको नामावलीको पहिलो प्रकाशन भएपछि दावी र विरोधपत्र लिई नामावलीमा थपघटबारेमा कारवाई गर्न जनप्रतिनिधित्व नियमावली भाग १को नियम ६ बमोजिम सबै जिल्ला बडाहाकिम र मेजिस्ट्रेटलाई आफ्नो आफ्नो जिल्लाको निमित्त नामावली दोहर्‍याउने अफिसरको काममा खटाइएकोले सो कुरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

| जिल्लाको नाम | क्षेत्र नं. | नामावली दोहर्‍याउने अफिसरको दर्जा र नाम |
|---|---|---|
| पू. १ न | ६,७,८,९,१०, | बडाहाकिम पू. १ नं. कुलबहादुर शाही |
| पू. २ न. | ११,१२ १३,१४,१५ | बडाहाकिम पू २ नं. गम्भीरध्वज गुरुङ |
| पू. ३ नं. | १६,१७,१८ | ,, पू ३ नं. जसबहादुर राई |
| पू. ४ न. | १९ २०,२१ | ,, पू ४ नं. ध्यानबहादुर राई |
| उदयपुर | ३४ | ,, उदयपुर धर्मानन्द |
| धनकुटा | २२,२३,२४,२५,२६,२७ | ,, धनकुटा मोहनबहादुर सिंह |
| इलाम | २८,२९, | ,, इलाम शन्तबीर लामा |
| प. १ नं. | १०६,१०७,१०८,१०९ | ,, प. १ नं. लेकबिक्रम राणा |
| प. २ नं. | १०३,१०४,१०५, | ,, प. २ न. कृष्णराज पन्थ |
| प. ३ नं. | ९९,१००,१०१,१०२ | ,, प. ३ नं. नारायणप्रसाद थपलिया |
| प. ४ न. | ९५,९६,९७,९८ | ,, प.४ नं. रामबहादुर |
| बागलुङ | ८६,८७,८८ | ,, बागलुङ नरसिंबहादुर मल्ल |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 326

| | | | |
|---|---|---|---|
| गुल्मी ८६,६०,६१,६२ | बडाहाकिम गुल्मी | | गुप्त बहादुर |
| पाल्पा ६३,६४ | ,, | पाल्पा | टंकप्रसाद अधिकारी |
| प्यूठान ८३,८४,८५ | ,, | प्यूठान | धर्मबहादुर पहाडी क्षत्री |
| दैलेख ७५,७६,७७ | ,, | दैलेख | रेशमबहादुर |
| जुम्ला ७३,७४ | ,, | जुम्ला | क. प. नन्दबहादुर शाह |
| बैतडी ६७,६८ | ,, | बैतडी | क. प. उत्तम केशर जोशी |
| डडेल्धुरा ६६ | ,, | डडेल्धुरा | भुवनविक्रम शाह |
| सल्यान ७८,७६,८१,८२ | ,, | सल्यान | युद्धबहादुर |
| डोटी ६६,७०,७१,७२ | ,, | डोटी | बद्रीप्रसाद थपलिया |
| दाङ ६२,८० | ,, | दाङ | भुलेन्द्रविक्रम राणा |
| बाकेबर्दिया ६३,६४ | ,, | बाकेबर्दिया | मकरबहादुर बान्हवा |
| कैलाली, कञ्चनपुर ६५ | ,, | कैलाली कञ्चनपुर | डोर विक्रमशाह |
| पाल्हीमाझखण्ड ५७,५८,५६ | ,, | पाल्हीमाझखण्ड | गेहेन्द्र शमशेर थापा |
| खजहनी, शिवराज ६०,६१ | ,, | खजहनी. शिवराज | नन्दबहादुर मल्ल |
| चीसापानी ५ ,५६ | ,, | चीसापानी | लोकजंग राणा |
| बारा, पर्सा, रौतहट ४८,४६,५०, ५१,५२,५३,५४ | ,, | बारा पर्सा रौतहट | पुरन सिंह |
| महोत्तरी सर्लाही ४१,४२,४३, ४४,४५,४६,४७ | ,, | महोत्तरी सर्लाही | बद्रीविक्रम थापा |
| सप्तरी सीराहा ३५,३६,३७,३८, ३६,४० | ,, | सप्तरी सीराहा | सहदेवसिंह |
| मोरङ्ग विराटनगर ३१,३२,३३, | ,, | मोरङ्ग विराटनगर | तारकबहादुर शाह |
| झापा ३० | ,, | झापा | रत्नविक्रम राणा |
| कान्तिपुर १,२,५ | उपत्यका मेजिष्ट्रेट | | दुर्गादत्त |
| ललितपुर ३, | | ललितपुर ,, | धैर्य शमशेर ज.ब.रा |
| भक्तपुर ४, | | भक्तपुर ,, | पुष्पलाल |

## निर्वाचन कमिशन (आयोग) नेपाल

### सूचना नं. ५

नामावली दोहऱ्याउने अफिसरकहाँ दावीपत्र र विरोधपत्र पेश गर्न चाहनेले आफ्नू निर्वाचनक्षेत्रको निर्वाचन अफिसरमार्फत पनि पेश गर्न सक्ने हुनाले जनप्रतिनिधित्व नियमावलीको नियम १० (२) बमोजिम यो

336

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना प्रकाशित गरिएकोछ । यस प्रकार दावीपत्र र विरोधपत्र पेश गर्नेले मतदाताको नामावली प्रकाशित हुने तोकिएको म्याद्भित्र आफ्नू दावीपत्र र विरोधपत्र आफ्नू निर्वाचनक्षेत्रको नामावली तैयार्‍याउने अफिसरलाई लेखी निजैलाई नामावली रजिष्ट्रेशन अफिसर वा निर्वाचन अफिसरलाई दिनुपर्छ । तोकिएको म्याद्भित्र पुग्नेगरी रजिष्टरी गरी हुलाकद्वारा पठाए पनि हुन्छ

## निर्वाचन कमिशन (आयोग) नेपाल

## सूचना नं. ६

आगामी आम निर्वाचनको निमित्त २०१३ साल वैशाख १ गतेसम्ममा २१ वर्ष पुगेका नेपाली नागरिकहरुको तैयार भएको मतदाताको नामावलीहरु यसै अंकको गजेटमा प्रकाशित गरिएको सूचनाबमोजिम तत्तत् मितिमा तत्तत् जिल्लामा पहिलो प्रकाशन गरिने भएकोले पहिलो प्रकाशन भएपछि मतदाता हुन सक्ने २०१५ साल वैशाख १ गते सम्ममा २१ वर्ष पुगेका हरेक नेपाली नागरिकले गर्नु पर्ने र विचार राख्नु पर्ने कुरा सर्वसाधारण जनतालाई थाहा होस भन्नाका निमित्त देहायमा लेखी यो सूचना प्रकाशित गरिएकोछ :—

१. आफ्नो आफ्नो क्षेत्रमा मतदाताको नामावलीको पहिलो प्रकाशन भए पछि सो नामावलीमा आफ्नो नाम भए नभएको हेरी हेर्न लगाई नामै नलेखिएको भए फाराम नं २ बमोजिमको दावीपत्र दिनुपर्दछ ।

२. आफ्नो नामभने लेखिएको तर नाममा कुनै अंश वा अरू व्यहोरामा केही वा सर्वांश सच्याउनु पर्ने भए सो कुराको दरखास्त दिनुपर्दछ । त्यस्तो दरखास्तको फाराम निश्चित नगरिएको हुनाले सच्याउनु पर्ने अंशहरु स्पष्ट खोली छोटकरीमा दरखास्त लेखी नामावली रजिष्ट्रेशन अफिसर-कहां पठाउनु पर्दछ ।

३. मतदाताको नामावलीमा कसैको नाम दर्ता भैरहेकोमा ज. प्र. ऐन नियमले दर्ता हुनु नहुने भन्ने सम्झी सो नाम नामावलीबाट कटाईमाग्न विरोधपत्र दिन पाउने सो नामावलीमा नाम दर्ता भएका व्यक्तिले रु १ एकको टिकट वा नगदैसहित फा. नं. ३ बमोजिमको विरोधपत्र दिनु-पर्दछ ।

४. माथि लेखिएको दावीपत्र र विरोधपत्रको फाराम नं. २ र ३ हरू निर्वाचन क्षेत्र अड्डा नामावली रजिष्ट्रेशन अफिसरको (जिल्लाजिल्लानिर्वाचन अफिस)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अड्डा र नामावली दोहोऱ्याउने अफिसरको (गढी, गौंडा, गोस्वारा) अड्डाहरुमा पाइनेछ र पटवारी, थरी, मुखियाद्वारा पनि प्राप्त हुनसक्छ।

५. यो दावापत्र र विरोधपत्रहरु आफ्नू निर्वाचन क्षेत्रको मतदाताको नामावलीको पहिलो प्रकाशन भएको ३० दिनभित्र नामावली दोहऱ्याउने अफिसर छेउ आफैंले वा वारीसद्वारा पठाउनु पर्दछ। नामावली रजिष्ट्रेशन अफिसर अथवा निर्वाचन अफिसरकहाँ पनि पेश गर्न सकिन्छ। तोकिएको म्यादभित्र पुग्ने गरी रजिष्टरी गरी हुलाकद्वारा पठाए पनि हुन्छ।

६. तोकिएको म्याद नाघेपछि आएको दाबीपत्र वा विरोधपत्र वा आफ्नो नाम सच्याउने बारेको दरखास्त समेत लिइने छैन, तर मतदाताको नामावलीको अन्तिम प्रकाशन भै सकेपछि पनि जनप्रतिनिधित्व नियमावलीको नियम १६ बमोजिम श्री ५ महाराजाधिराजबाट निर्वाचन गर्ने घोषणा गरिबक्सेको मितिदेखि उम्मेदवारहरूले नोमिनेशन पत्र पेश गर्ने आखिरी मितिको ७ दिन अगिसम्ममा २५ रू. दस्तूर लिई फाराम नं. २ बमोजिमको नाम दर्ता गराइमाग्ने दाबीपत्र नामावली रजिष्ट्रेशन अफिसरकहाँ पेश गर्न सकिने छ।

७. हाल पहिलो प्रकाशन गरिन लागेको मतदाताको नामावलीमा २०१३ वैशाख १ गतेसम्ममा २१ वर्ष पुगेका व्यक्तिहरूको नाम उमेर दर्ता भएकोमा अब जनप्रतिनिधित्व ऐनबमोजिम २०१५ साल वैशाख १ गते २१ वर्ष उमेर पुगेका मतदाता हुनसक्ने व्यक्तिहरूको नाउ नामावलीमा दर्ता हुने हुनाले सं. २०१५ वैशाख १ गते सम्ममा २ वर्ष बढेको हुंदा लेखिएको उमेरमा २ वर्ष बढाई व्यवहार हुने हुनाले सो बमोजिम उमेर कायम सम्झनु होला अर्थात् कसैको उमेर सो नामावलीमा २३ छापिएको भए अहिले निजको उमेर २५ संझी व्यवहार हुने सम्झनु होला।

आज्ञाले—

श्यामकृष्ण भट्टराई

सेक्रेटरी-निर्वाचन कमिशन (आयोग) नेपाल.

---

गोरखापत्र छापाखानामा मुद्रित।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४०